# प्रमुख तथा कार्यकारी अधिकृत गोपाल प्रसाद रेग्मीद्वारा सिद्धार्थनगर नगरपालिकाको २० औं नगरपरिषद बैठक समक्ष प्रस्तुत आ.ब. २०७४।०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

उपस्थित सहभागी मित्रहरु,

सिद्धार्थनगर नगरपालिकाको २०औं नगर परिषद बैठकबाट पारित आ.ब. २०७४।०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु । साथै यस अवसरमा नेपाली जनताको स्वतन्त्रता र समृद्धिको लागि सबै लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो जीवनको आहूति दिने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

यस नगरपालिकाले आफ्नो २०७४।०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तयारी गर्ने सन्दर्भमा पूर्व योजना तर्जुमा गोष्ठीबाट पारित नीति र मार्गदर्शन अनुरुपमा १३ वटै वडाहरुमा वडा भेलाको आयोजना गरी प्राप्त भएका सम्पूर्ण मागहरुलाई एकीकृत योजना तर्जुमा समितिको बैठकबाट प्राथमिकता तोकि योजना छनौट गरी छनौट भएका योजना तथा कार्यक्रमहरु नगरपालिकाको बैठकबाट निर्णय भई नगर परिषद्बाट निर्णय भएका छन् । यसरी योजनाहरुको निर्णय क्रममा राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत कार्यालय, संघ संस्थाका प्रमुख तथा प्रतिनिधीज्यूहरु र सरोकारवालाहरुको सहभागिता र सहयोग रहेको छ । यस पुनित कार्यमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावज्यूहरु धन्यवादका पात्र हुनु हुन्छ ।

नगर क्षेत्र विकास कार्यक्रम अन्तर्गत करिब ३ करोड, सडक बोर्ड अन्तर्गत १ करोड ५० लाख, सीमा क्षेत्र विकास कार्यक्रमको रु. ३० लाख, एकीकृत सहरी विकास आयोजनाको १ अरब ७० करोड, क्षेत्रीय सहरी विकास आयोजनाको २ अरब ३८ करोडको लगानीमा विकास निर्माण काम हुनुले हाम्रो जस्तो कम आन्तरिक आय भएको न.पा.को लागि ठूलो खुसीको विषय हो ।

सिद्धार्थनगर नगरपालिकाको गत आ.ब. ०७२।०७३ मा हासिल गरेका मुख्य मुख्य कार्यहरुमा सडक पीच मर्मत १५.३४ कि.मी., सडक पीच ३.७६ कि.मी., नाला निर्माण ३.५ कि.मी., सडक ग्रेभल ३.२१ कि.मी., नगर सफाई कार्यक्रम, सडक बत्ति, दमकल सेवा सञ्चालनमा रहेको छ । वडा नं. ५, ७, ८, ९, १०, १२ र १३ लाई खुला दिसा मुक्त वडा घोषणा गरिएको छ । सो कार्यलाई निरन्तरता दिंदै आएको छ । सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत सेवा पुर्‍याईएको छ । वेभसाईट व्यवस्थापन गरी सूचनामा सरोकारवालाको पहुँचमा बृद्धि गरिएको छ । न.पा.ले सालबसाली गर्नु पर्ने वार्षिक प्रगती समिक्षा, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

न.पा.को संस्थागत क्षमतामा बृद्धि भएको छ । न.पा.ले MCPM मा नवौं स्थान प्राप्त गरी १५ प्रतिशत थप अनुदान ल्याउन सफल भएको छ ।

गत आ.ब.मा आन्तरिक आयमा बृद्धि भएको र साधारण खर्चमा विभिन्न शिर्षकमा कटौती गरी विकास निर्माणको कार्यमा बजेट बृद्धि गरिएको छ ।

त्यसैगरी एकीकृत सहरी विकास आयोजना तर्फ फुटपाथ, विद्युत तथा खानेपानी व्यवस्थापन सहितको सडक पीच २ कि.मी. डुबान क्षेत्र न्युनिकरणका लागि सतह ढल ३५ कि.मी. र फोहोरमैला प्रशोधन केन्द्रका लागि ठेक्का सम्झौता भएको । सामाजिक विकास तर्फ लक्षित वर्गका आय आर्जन र सिपमुलक सबै कार्यक्रमहरु नागरिक सचेतना केन्द्रका सदस्यहरुमा केन्द्रित गरि संचालन गरिएको कारण ३८१ जना सदस्यहरु लाभान्वित भएको छ ।

सीमा क्षेत्रमा पर्ने वडाहरुको लागि सीमा क्षेत्र विकास कार्यक्रमबाट कार्य गराउने छ ।

## योजना तर्जुमाका आधारहरु

आर्थिक वर्ष २०७४।०७५ को नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा निम्नलिखित विषयबस्तुहरुलाई अधार मानी योजना तर्जुमा गरिएको छ :

क) वडा भेलावाट प्राप्त भएका मागहरु

ख) दातृ निकायसंगको संझौंताहरु

ग) नगर यातायात गुरु योजना

घ) प्रथम आवधिक नगर विकास योजना,

ङ) रा.यो.आ. र मंत्रालयबाट प्राप्त निर्देशनहरु

च) स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९

छ) नेपालको संविधान, २०७२

ज) नेपालको त्रिबर्षिय योजना

झ) सहस्राव्दी विकास लक्ष्यहरु

ञ) स्थानीय स्वायत्त शासन ऐन र नियमावली, २०५६

ट) स्रोत साधनको उपलब्धता

ठ) राजनैतिक सहमती आदि ।

अब म नगरको एकीकृत विकासका लागि आगामी आ.ब. २०७४।०७५ मा अवलम्बन गरिने नीतिहरु प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

- नगरमा बसोबास गरिरहनु भएका ८५ वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकहरुको सम्मानका लागि नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ताका अतिरिक्त एकमुष्ट वार्षिक रु. ५,०००।- का दरले नगरपालिकाको आन्तरिक श्रोतबाट उपलब्ध गराईनेछ र उक्त रकम आगामी दिनहरुमा क्रमशः बृद्धि गर्दै लगिनेछ ।
- सिद्धार्थनगरलाई आगामी वर्ष बालबालिका मैत्री नगर घोषणा गरिनेछ । सोको लागि यस आ.ब. देखि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरलाई हरितनगरको रुपमा विकास गर्नका लागि वृक्षारोपण सम्बन्धी विशेष कार्यक्रम तयार पारी ५ वर्ष भित्रमा सबै सडक छेउ, खाली सार्वजनिक र ऐैलानी जग्गाहरुमा वृक्षारोपण गरिनेछ ।
- महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । बालविवाह, दाइजोप्रथा, महिला हिंसा, बालविवाहको पढाई विचमा छोड्ने प्रवृत्तिलाई न्युनिकरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरभित्र रहेका सबै भवनहरुमा एकरुपता कायम गरी सहरी सौन्दर्य बढाउन सबै घरहरुमा एउटै रंग लगाउने नीति लिइनेछ ।
- सिद्धार्थनगरलाई मानव बसोबास योग्य बनाउने सन्दर्भमा सहरको रुपमा रुपान्तरण गर्न भौतिक पूर्वाधार निर्माण सम्बन्धि कार्यक्रम संचालनमा रहेको र ३ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ र यसलाई दिगो राख्न र संरक्षण गर्न नगरवासीको तर्फबाट आफ्नो दायित्व पुरा गर्नेमा नगरपालिका विश्वस्त छ ।
- ज्येष्ठ नागरिकहरुको आँखा सम्बन्धी रोगहरुको निःशुल्क उपचार गराउन चालु आ.ब. देखि कार्यक्रम संचालन गरिनेछ ।
- एकीकृत सहरी विकास आयोजनामा निर्माणाधिन १०.५ कि.मी. सडकमा बजेटको कमी भै गर्न बाँकी फुटपाथ, सडकबत्ति हरियाली लगायतका कामलाई क्षेत्रीय सहरी विकास आयोजनामा समावेश तथा थप अन्य महत्वपूर्ण खानेपानी, विद्युत व्यवस्थापन सहितको सडक, फुटपाथ, सडक बत्ति सहितको थप ९५ कि.मी. सडकको निर्माणका लागि जोड दिनेछ ।
- नगर यातायात पूर्वाधार विकासका लागि प्राप्त रकम न.पा.को स्रोतबाट सबै वडामा एकरुपताका लागि रु. ५० लाखका योजना निर्माणमा जोड दिनेछ ।
- युवाहरुमा छाएको निराशा र कुण्ठा समाजको प्रगतीको लागि बाधक हुन्छ अतः युवाहरुमा उत्प्रेरणा जगाई सकारात्मक सोचको विकास गराउन सामाजिक कार्यमा युवाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१) **भौतिक विकासतर्फ :**

- एकीकृत शहरी विकास आयोजना अन्तर्गत नगर क्षेत्रका प्रमुख सडक तथा सतह ढलको मुख्य संजाल विस्तार तथा पुननिर्माण एवम् फोहरमैला व्यबस्थापन कार्यका लागि नगरपालिकाबाट उपलब्ध गराउनुपर्ने पारस्परिक कोषमा कमी आउन नदिई समय मै कार्य सम्पन्न गर्न जोड दिइनेछ ।
- प्रथम चरणमा निर्माण भैरहेका सडकहरुमा रकम अभावको कारण बाँकी रहेका सडक पेटी, हरियाली तथा सौर्य सडकबत्ती जडान गर्ने, अधुरो सडकहरुलाई पुरा गर्ने तथा अन्य महत्वपूर्ण थप सडक तथा सतह ढल निर्माण गर्ने कार्य एशियाली विकास बैंकबाट अतिरिक्त लगानीको वाताबरण मिलाई पुरा गर्न आवश्यक पहल गरिने छ ।
- नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्राप्त हुने अनुदानलाई नगर यातायात गुरुयोजना समेतका आधारमा एकीकृत शहरी विकास आयोजनाबाट लगानी नहुने वडाहरुमा केन्द्रित गरी नगर क्षेत्रको सन्तुलित विकासमा सहयोग पुग्ने गरी सतह ढल तथा सडक कालोपत्रे गर्ने कार्यमा परिचालन गरिनेछ ।
- स्थानीय जनताको समेत प्रत्यक्ष लगानी रहने गरी साझेदारीमा संचालन हुने ६० लाखभन्दा कम लागतका योजनाको कार्यान्वयनमा सकेसम्म स्थानीय समुदायलाई प्राथमिकता दिइनेछ ।
- स्थानीय समुदायको संयुक्त लगानीमा संचालन हुने योजनालाई अधिक प्राथमिकता दिइने छ । यस्ता योजना स्वीकृतीका लागि कोषमा माग गर्नुपूर्व समुदायबाट जम्मा गर्नुपर्ने रकम नगरपालिकाको खातामा जम्मा गरिसक्नु पर्ने र त्यस्तो योजनाको कार्यान्वयन सोही समुदायका सदस्यहरुमध्येबाट उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्न जोड दिइनेछ ।
- सडक ग्राभेल गर्ने कार्यका लागि नगरपालिका र स्थानीय जनताको लागत सहभागितामा उपभोक्ता समितिहरुबाटै कार्यान्वयन गर्न प्राथमिकता दिने नितीलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक तथा पर्ति जग्गाको लगत अध्यावधिक गरी संरक्षणका लागि आवश्यक प्रयत्न गरिनेछ ।
- भवन निर्माण आचारसंहिताको प्रभावकारी कार्यान्वयनका साथै सडक अधिकारक्षेत्र एबं सार्वजनिक जमिन मिच्ने गरी संरचना निर्माण गर्न नदिने नितीलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।
- भूउपयोग नीतिको कार्यान्वयन तथा निजी क्षेत्रबाट संचालन गरिने जग्गा विकास कार्यलाई प्रभावकारी र व्यबस्थित गर्न आवश्यक पहल गरिनेछ ।
- नगरपालिका मार्फत जग्गा विकास (Land pooling) कार्यक्रम संचालन गर्न आवश्यक संभाव्यता अध्ययन गर्ने कार्यलाई अघि बढाउन पहल गरिनेछ ।

**२) सामाजिक क्षेत्रको विकासतर्फ :**

- कुनै पनि नगरको सर्वाङ्गिण विकास त्यस नगरमा हुने भौतिक विकासको साथसाथै सामाजिक विकासको भूमिका पनि अहम रहन्छ नगरमा भएका विभिन्न किसिमका निर्माणाधिन पूर्वाधारहरुको संरक्षण गर्ने परिवर्तन नभए सम्म जति सुकै पूर्वाधारको विकास गरेपनि समाज अघि बढ्न सक्दैन हामी सबैले नगरमा निर्माण भएका संरचनाहरुको संरक्षण गर्दै विभिन्न सामाजिक विकासका क्रियाकलापमा सहभागि भई नगर विकासमा टेवा पु¥याउनु पर्छ ।
- शहरी स्वास्थ्य केन्द्रको सुदृढीकरण गर्दै सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउन आवश्यक पहल गरिनेछ । साथै स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकासमा समुचित जोड दिइनेछ ।
- वातावरण मैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयन तथा फोहरमैला व्यबस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप निजी क्षेत्रको संलग्नता बृद्धि गर्नमा जोड दिइनेछ ।
- विशेष सरसफाई अभियान संचालन गरी नगर सफाईमा जनसहभागिता अभिबृद्धि गरिनेछ । साथै फोहरमैला व्यबस्थापन ऐनका दण्डात्मक व्यबस्थाहरुलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।
- चालु आ.ब.भित्र नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने गरी सरकारी तथा गैरसरकारी क्षेत्रको स्रोतलाई समन्वयात्मक ढंगले परिचान गरिनेछ ।
- दैनिक रुपमा उत्पादन हुने जैविक फोहरमैलाबाट विद्युत उत्पादन गर्न सकिने विषयमा अध्ययनका लागि आवश्यक पहल गरिनेछ ।
- सडक बत्तिको व्यबस्थापनलाई कम खर्चिलो र प्रभावकारी बनाउन सौर्य सडक बत्ती राख्ने कार्यमा नेपाल सरकार, स्थानीय समुदाय र नगरपालिकाको संयुक्त लगानीको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- छाडा चौपाया व्यबस्थापन, फुटपाथ तथा पार्किंग व्यबस्थापन आदि कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणको लागि विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने स्रोतमा बृद्धि गर्न जोड दिइनेछ । कोषको संचालनका लागि छुट्टै विनियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- दमकल संचालन खर्चमा मितव्ययीत कायम गरी प्रभावकारी रुपले सेवा प्रबाह गर्ने व्यबस्था मिलाउन जिल्लाका सबै नगरपालिकाहरुको स्थानीय निकाय संयुक्त समितिलाई सकृय बनाइनेछ ।
- बृक्षारोपण तथा वातावरण संरक्षणका लागि जनसहभागिता अभिबृद्धि गर्न जोड दिइनेछ ।
- खेलकुद, साहित्य, कला र संस्कृतिको विकासका लागि सम्बन्धित निकायहरुबाट थप सहयोग जुटाउन आवश्यक पहलकदमी गरिनेछ ।

**३) आर्थिक क्षेत्रको विकासतर्फः**

- युवा जनशक्तिको बढ्दो विदेश पलायनलाई रोक्न सहयोग पुग्ने गरी स्वरोजगारमूलक सिप विकास र व्यबसायिक कृषितर्फ आकर्षित गर्न प्रोत्साहन गरिने छ ।

- नागरिक सचेतना केन्द्रहरु मार्फत संचालन हुने कार्यक्रमहरुलाई व्यवसायिक कृषि विकासको माध्यमद्वारा गरिबी निवारण गर्नेगरी संचालन गर्न जोड दिइनेछ ।
- एकीकृत शहरी विकास आयोजनातर्फ संचालन हुने सिपमूलक तालिम तथा आय आर्जनका गतिबिधीहरुलाई विपन्न समुदायको आय आर्जन र रोजगारी प्रबर्द्धन हुने गरी प्रभावकारी ढंगले संचालन गर्न आवश्यक व्यबस्था मिलाइनेछ ।
- पर्यटन विकासका लागि पार्क तथा पिकनिकस्थलहरुको संभाव्यता अध्ययन एबं निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने क्षेत्रहरुको खोजी गरिनेछ ।
- पर्यटन, उद्योग, व्यापार, कला संस्कृति आदिको प्रबर्द्धनका लागि निजी क्षेत्रका संस्थाहरुद्वारा आयोजना गरिने मेला महोत्सबहरुलाई यथासक्य सहयोग उपलब्ध गराउने नितीलाई निरन्तरता दिइनेछ ।

**४) लक्षित तथा समाबेशी विकासतर्फ :**

- प्रारम्भिक बाल विकास केन्द्रको भौतिक विकास र सिकाई सामाग्रीको उपलब्धतामा जोड दिइनेछ । साथै बालमैत्री स्थानीय शासन पद्धतिको अबलम्बन गरिनेछ ।
- बाल क्लबहरुको संस्थागत सुदृढीकरण तथा यस्ता क्लबहरुमार्फत वालबालिकाहरुको क्षमता विकासका लागि अवसरहरु सृजना गर्न जोड दिइनेछ ।
- महिला, आदिबासी जनजाती, मधेशी, मुस्लिम, पिछडाबर्ग, दलित आदि लक्षित वर्गको कार्यक्रम छनौट गर्दा त्यस्ता वर्गका विपन्न जनताको आय आर्जन, सीप विकास र क्षमता अभिबृद्धिमा जोड दिइनेछ ।
- लक्षित वर्गका कार्यक्रम छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सम्बन्धित बर्गको प्रत्यक्ष संलग्नतालाई सुनिश्चित गरिनेछ । यसका लागि नगर तहमा आवश्यक संस्थागत संयन्त्र गठन गरी कृयाशलि गराइनेछ ।
- अपांगता भएकँ व्यक्ति र जेष्ठ नागरिकहरुको कल्याणका लागि विशेष कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- बालश्रम न्युनिकरण र विचैमा पढाई छाड्ने प्रवृत्ति आदिलाई निरुत्साहित गरिनेछ ।

**५) संस्थागत सुदृढीकरण, सुशासन तथा दिगो विकासतर्फ :**

- प्रथम आवधिक नगर विकास योजनाको म्याद २०७३ श्रावणदेखि समाप्त हुने हुंदा दोस्रो आवधिक नगर विकास योजना तर्जुमा कार्यलाई अघि बढाउन आवश्यक स्रोतको खोजी गरीनेछ । साथै नगरको वस्तुगत विबरण (City Profile) अध्यावधिक गरिनेछ ।
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई अझ बढी व्यबस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

- योजनाको कार्यान्वयन तहमा पारदर्शिता कायम गर्न ठेक्का पट्टामा विद्युतिय प्रणाली (ebidding) को उपयोगमा जोड दिनुका साथै आयोजना सूचनापाटी तथा सार्वजनिक परिक्षणलाई समेत प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाका गतिविधि र सूचनाहरु प्रगति प्रतिवेदन, स्थानीय पत्रपत्रिका, रेडीयो, टेलिभिजन तथा वेभसाइट मार्फत प्रकाशन र प्रसारण गरिनेछ ।
- नगरपालिकाबाट गरिने सेवा प्रवाह तथा योजना कार्यान्वयन प्रणालीको बारेमा प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्नको लागि सूचना अभिलेखीकरण सम्वन्धी क्षमता विकासमा जोड दिइनेछ ।
- नगरपालिकाबाट संचालन हुने विकास निर्माणका कामहरुमा गुणस्तर कायम गर्न अनुगमन, सुपरिबेक्षण तथा मूल्यांकन कार्यलाई अझ बढी प्रभावकारी वनाइनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टवेयरको व्यबस्था तथा कर्मचारीहरुको क्षमता विकास एबं संगठनात्मक अध्ययन लगायत आवश्यक संस्थागत सुधार गरिनेछ ।
- आन्तरिक स्रोतको संभाव्यता अध्ययन प्रतिबेदन कार्यान्वयन गर्दै लगिने छ । साथै बक्यौता व्यबसाय कर असूली, करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने, संभाव्य र उपयुक्त ठाउंहरुमा पार्किङ्ग शुल्क लगाउने, करका दरहरुमा समयानुकुल परिमार्जन गर्ने जस्ता कार्यहरुद्वारा नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धि गर्न जोड दिइनेछ ।
- वडासमितिहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउन कम्प्युटर पद्धतिको शुरुआत गराइनेछ ।
- वडा समितिहरुमा उजुरी पेटीका राखी प्रत्येक शुक्रबार खोल्ने र तत्काल त्यसको सम्बोधन गरिनेछ ।
- प्रशासनिक खर्च कटौतीका लागि अनावश्यक रिक्त दरबन्दीहरु खारेज गर्ने नितीलाई निरन्तरता दिइनेछ । साथै कर्मचारी प्रशासनमा  दण्ड र पुरस्कारको नीतिलाई अझ बढी प्रभावकारी बनाउदै लगिनेछ ।
- सुशासन र पारदर्शितालाई मध्यनजर राख्दै कार्यालयको दैनिक क्रियाकलापलाई टेलिभिजन डिस्प्ले मार्फत जानकारी गराईनेछ ।

**उपस्थित महानुभावहरु,**

अव म माथी उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यन्वयनको लागि आगामी आ.व. २०७४।०७५ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आ.व.को लागि नगरपालिकाको कुल बजेट रु १ अरब १२ करोड ३१ लाख ८ हजार रहेको छ । जसमा

प्रशासनिक खर्चमा ६ करोड ६३ लाख ६० हजार अर्थात कुल बजेट रकमको ५.९१ प्रतिशत छ भने चालुतर्फको कार्यक्रम खर्च ७ करोड ४१ लाख ८५ हजार अर्थात ६.६१ प्रतिशत रहेकोछ । पूंजिगत खर्चतर्फ ९८ करोड २५ लाख ६३ हजार अर्थात कुल बजेट रकमको ८७.४९ प्रतिशत रहेकोछ ।

आगामी आ.व. २०७४।०७५ को लागि प्रस्तावित कूल आयमध्ये आन्तरिक आयतर्फ कर, दस्तुर, शुल्क समेतबाट गरी ८ करोड २ लाख २० हजार, नेपाल सरकारको अनुदान तर्फ १२ करोड ५७ लाख ३८ हजार, राजस्व वांडफांडतर्फ १ करोड ५० लाख, सडक वोर्ड तर्फ १ करोड, एकीकृत शहरी विकास आयोजन तथा क्षेत्रीय शहरी विकास आयोजना तर्फ एशियाली विकास बैकको अनुदान रु ८० करोड २३ लाख (एकीकृत शहरी विकास आयोजना तर्फ ११ करोड ८३ लाख र क्षेत्री शहरी विकास आयोजना तर्फ ६८ करोड ४० लाख), नगर विकास कोषको ऋण रु २ करोड २१ लाख, नगर विकास कोषको सहयोगमा संचालित अन्य योजनाहरुमा अनुदान गरी रु २५ लाख तथा सामाजिक सुरक्षा भत्तामा रु ५ करोड ३५ लाख ५० हजार प्राप्तहुने अनुमान गरिएको छ । त्यसैगरी एल.जि.सि.डि.पि. तर्फ सामाजिक परिचालन कार्यक्रमका लागि रु ६५ लाख, जिल्ला विकास समितिबाट प्राप्त हुने अनुदान रु ४० लाख र लागत सहभागिता बापत स्थानीय समुदायबाट रु १२ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

अब म आगामी बर्ष नगरपालिकाले गर्ने लगानीका मुख्य मुख्य प्राथमिकताहरुलाई उल्लेख गर्ने अनुमति चाहन्छु । आगामी आ.व.मा नगरपालिकाबाट गरिने लगानीमध्ये भौतिक पूर्वाधारमा ९७ करोड ४५ लाख ३८ हजार (८६.७७ प्रतिशत) र सामाजिक विकासमा ७ करोड ४१ लाख ८५ हजार (६.६१ प्रतिशत) बजेट स्वीकृत गरिएको छ । भौतिक पूर्वाधारतर्फ विनियोजित रकममध्ये सडक, सतह ढल र फोहोरमैला प्रशोधन केन्द्रमा रु. ९७ करोड ४५ लाख ३८ हजार स्वीकृत गरिएको छ । नियमित नगर सरसफाइतर्फ खुल्ला दिसामुक्त कार्यक्रम समेतका लागि गरी १ करोड ५ लाख, सडक बत्ति व्यबस्थापनका लागि रु. २५ लाख स्वीकृत गरिएको छ । सामाजिक विकास अन्तर्गत महिला, बालबालिका, दलित, जनजाति, अपांग, जेष्ठ नगारिक, मुश्लिम आदि लक्षित वर्गको विकासका लागि रु ४७ लाख ५० हजार स्वीकृत गरिएको छ । नेपाल सरकारद्धारा तराईका जिल्ला सदरमुकाममा वार्षिक रु. ५० करोडका दरले रकम विनियोजन गरिएकोमा सिद्धार्थनगर नगर नगरपालिकामा समेत सो कार्यक्रम शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय सिद्धार्थनगरबाट सो कार्यक्रम कार्यान्वयन तर्फ कारवाही अगाडी बढाएको छ । यसमा नगरपालिकाबाट छनौट भएका योजनाहरु समावेश गरी नगरपालिकाका प्राविधिकहरुको समेत सल्लाह सुझावमा कार्यक्रम अगाडी बढाईएता पनि सो कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन संयन्त्र निर्माण गर्नु पर्नेमा हालसम्म सो संयन्त्र निर्माण नभई सकेको अवस्था छ । उपरोक्त कार्यक्रमबाट २८ कि.मी. लम्बाईको फुटपाथ सहितको सडक पिच तथा नाला निर्माण, नयाँ बसपार्कको विस्तार तथा पार्क व्यवस्थापन, हाटबजारमा बहुतले व्यापारिक भवन, PIU कार्यालय रहेको परिसरमा न.पा. भवन, पञ्चवाटिका पार्क व्यवस्थापन, बेलहिया जीपपार्कमा पार्किंग सहितको बहुतले भवन लगायतका कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

नीति, कार्यक्रम र बजेटको विस्तृत विवरण नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिनेछ ।

**उपस्थित महानुभावहरु,**

जनताका उर्लदो इच्छा, आकांक्षा र आवश्यकताको तुलनामा नगरपालिकामा प्राप्त हुने श्रोत साधन अत्यन्त न्यून हुने हुंदा जनताका सबै माग एवं चाहनालाई आगामी बर्षको कार्यक्रममा समाबेश गर्न सकिएको छैन । नगरपालिकाको आन्तरिक स्रोत कम भएको कारणले पनि हामीलाई थप कठिनाई उत्पन्न भएको छ । तसर्थ, उपलब्ध स्रोतबाट मात्र सम्पन्न हुन नसक्ने योजनाहरुलाई जिल्ला र केन्द्रिय निकायहरुमा अनुरोध गर्ने निर्णय गरिएको छ ।

योजना तर्जुमा प्रकृयामा सहभागी हुनुहुने राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, वडा नागरिक मञ्चका पदाधिकारीज्यूहरु, वडासचिवहरु, सञ्चार क्षेत्रसंग सम्बन्धित व्यक्तित्वहरु, गैर सरकारी क्षेत्र तथा संघसंस्थाका प्रतिनिधिज्यूहरु एवं नागरिक समाजका व्यक्तित्वहरु, सामाजिक परिचालकहरु लगायत सहकर्मी कर्मचारीहरु समेत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आगामी दिनमा सबै क्षेत्रबाट अझ बढी सहयोग र सद्भाव प्राप्त हुने आशा एबं विश्वास लिएको छु । धन्यवाद ।

गोपाल प्रसाद रेग्मी
प्रमुख/कार्यकारी अधिकृत
१० माघ २०७३